# नेपाल सरकार

**प्रदेश प्रमुख**
**बागमती प्रदेश**
**हेटौंडा, मकवानपुर**

## शुभकामना सन्देश

सोनाम ल्होसार २०८१ को अबसरमा बागमती प्रदेश, देश तथा बिदेशमा रहनुहुने सम्पूर्ण तामाङ समुदायका दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति र समृद्धिको शुभकामना व्यक्त गर्दछु ।

नेपालमा खासगरी मध्य भागको हिमाली, उच्च पहाडी र पहाडी भु-भागमा बसोबास गर्ने संस्कृतिका धनी तामाङ समुदायले सोनाम ल्होसार पर्वलाई नाचगान, आफन्त भेटघाट र खानपिन गरेर रमाइलोका साथ मनाउने प्रचलन छ । यो पर्वमा कुलपूजा र प्रकृतिपूजा गर्ने परम्परा छ । चेलीबेटी बोलाएर टीका लगाइदिने गरिन्छ । परम्परागत पहिरनले सजिएर एक ठाँउमा भेला भै तामाङ्सेलो नाच प्रस्तुत गरिन्छ । घर बस्तिहरू सफा राख्नुका साथै बुद्धका तस्बिर अङ्कित ध्वजापताका टाँगेर भगवान बुद्धप्रति श्रद्धाभाव प्रकट गरिन्छ । गुम्बा, चैत्यहरूमा पूजा गरिन्छ । बौद्ध परम्पराका रितिरिवाजलाई आधार मानी हासीखुशीका साथ ल्होसार मनाइन्छ ।

हाम्रा चाडपर्वहरू हाम्रा साँस्कृतिक सम्पन्नताका परिचायक हुन् । पर्वहरूले एकता, मेलमिलाप, शान्ति र सौहार्दता अभिबृद्धिमा सघाउ पुर्‍याउँछन् । हाम्रा चाडपर्वहरू सभ्य, सुखी र समृद्ध जिवनका आधारस्तम्भ हुन् । अन्तमा सोनाम ल्होसारले तामाङ समुदायलगायत सम्पूर्ण नेपालीमा सकारात्मकता र उल्लास भित्र्याउन सफल रहोस् भन्ने अपेक्षासहित् पुनः शुभकामना अर्पण गर्दछु ।

**दीपक प्रसाद देवकोटा**
**प्रदेश प्रमुख**

**२०८१ साल माघ १७ गते, बिहिबार ।**
**ने. सं. ११४५ सिल्लाथ्वः पारु ।**